# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

सेवा करारमा व्यक्ति छनोट सम्बन्धि अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/११/०४

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, मधेश प्रदेश अन्तर्गतका साझेदारी शिक्षालय, हनुमाननगर बहुप्राविधिक शिक्षालयमा अर्को निर्णय नभए सम्म हाललाई २०८२ आषाढ मसान्त सम्मको लागि तपसिल अनुसारको पदमा व्यक्ति करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (मिति २०८१/११/१८ गते) कार्यालय समय भित्र आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्र , नेपाली नागरिकताको प्रमाण पत्र, आफ्नो पेशा व्यवसायको काउन्सिल दर्ता (नेपाल सरकारले व्यवस्था गरेको भए) को प्रमाण पत्र तथा अनुभवको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र तोकिएको दस्तुर सहित दरखास्त फारम परिषद् मधेश प्रदेश कार्यालयमा स्वयं उपस्थिति भई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| बिज्ञापन नं. | पद | श्रेणी | संख्या | न्यूनतम शैशिक योग्यता | काम गर्नु पर्ने शिक्षालय |
|---|---|---|---|---|---|
| ०१ - २०८१।०८२ | शिक्षालय प्रमुख | अधिकृत स्तर द्रितीय | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट civil, computer वा geometics बिषयमा कम्तिमा स्नातकोत्तर गरी सम्बन्धित विषयमा प्रशिक्षण तर्फ अनुभव प्राप्त।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट civil, computer वा geometics बिषयमा कम्तिमा स्नातक गरी सम्बन्धित विषयमा प्रशिक्षण तर्फ ५ (पाँच) वर्षको अनुभव प्राप्त। | हनुमाननगर बहु-प्राविधिक शिक्षालय, हनुमाननगर, सप्तरी |

१. उमेर हद : अधिकृत स्तर, दृतिय श्रेणीको पदको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
२. समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपि स्वंयम द्वारा प्रमाणित गरि अनिवार्य पेश गर्नुपर्ने छ |
३. दरखास्त दिने उम्मेदवारहरुले पेशागत संगठन नेपाल इन्जिनियरिंग परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ |
४. तलब भत्ता र सुबिधा : प्रचलित कानून बमोजिम हुनेछ |
५. सूचना बमोजिम रित नपुगेको दरखास्त स्वीकृत गरिने छैन | त्यस्तो फारम दर्ता भएको भए पनि जुनसुकै बेला रद्द हुनेछ |
६. दरखास्त दस्तुर : परिषद मधेश प्रदेश कार्यालयको राष्ट्रिय बाणिज्य बैंक,पिडारी चोक,जनकपुरधाममा रहेको चल्ती खाता नं१५२०१००००२६३९००१ मा तल उल्लेखित श्रेणी अनुसारको परिक्षा दस्तुर बुझाई सोको सक्कल भौचर फारम साथ बुझाउनुपर्ने छ | साथै रकम जम्मा गर्दा दरखास्त दिने निवेदकको नाम, थर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ |
७. अधिकृत स्तर द्वीतीय श्रेणीको लागि रु १२ ००|००
८. परीक्षाको किसिम तथा अंकभार : उम्मेदवारहरुको शैक्षिक योग्यता, अनुभव र तालिमको आधारमा छोटो सुची(short लिस्ट) मा पर्न सफल भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा समावेश गराईनेछ |
९. यस सूचनामा उल्लेख नभएका बिषयहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ |
१०. आवेदन फारम www.ctevtp2.org.np बाट डाउनलोड गर्न सकिने छ वा परिषद मधेश प्रदेश कार्यालयबाट प्राप्त गर्न सकिने छ |
११. दरखास्त फारम बुझाउने स्थान : परिषद मधेश प्रदेश कार्यालय, जनकपुरधाम -४ , माछा बजार , बसहिया रोड , धनुषा |
१२. अन्तर्वार्ता मिति : परिषद मधेश प्रदेश कार्यालयको वेभसाईटमा पछि प्रकाशन गरिने छ |
१३. थप जानकारीको लागि ९८५४०२११८२ वा ९८४८०९७५५५ मा सम्पर्क गर्न सकिने छ |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा
२०७५

अध्यक्ष
सेवा करारमा व्यक्ति छनोट उपसमिति